नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

## बोलपत्र आव्हानको संशोधित सुचना

**(संशोधित सूचना प्रकाशित मिति: २०८३/०५/१८)**

यस कार्यालयबाट मिति २०८३/०५/१० गते घाँसे मैदान व्यवस्थापन कार्यका लागि विधुतीय खरिद प्रणाली (e-GP System) मार्फत पेश गर्ने गरी आव्हान गरिएका सम्पूर्ण बोलपत्रहरु सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), कसरमहल, काठमाडौंको च.नं.सु.प्र.०८३/८४ च.नं.MIT/१८२, मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल संचालनमा रहेको e-GP System मा सुरक्षा जोखिम उच्च रहेको र प्रणाली सुधार/मर्मतसुधार भइरहेको हुनाले अर्को सूचना जारी नभए सम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी (Hardcopy) मार्फत खरिद प्रक्रिया अगाडी बढाउने पत्राचार भए अनुसार उक्त बोलपत्रहरु संशोधन गरी हार्डकपी (Hardcopy) मार्फत खरिद प्रक्रिया अगाडी बढाउनु पर्ने भएको हुँदा ईच्छुक फर्म/कम्पनीहरुको देहायको शर्त सहित बोलपत्र सामबन्दी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>देहाय</u>

१. बोलपत्रदाताले यस कार्यालयमा वा यस कार्यालयको website: http://www.chitwannationalpark.gov.np बाट बोलपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नु हुनेछ।

२. यस कार्यालयबाट मिति २०८३/०५/१० गते प्रकाशित सूचना अनुसार bolpatra.gov.np/e-GP System मार्फत बोलपत्र पेश गरिसकेको बोलपत्रदाताहरुले पुन: बोलपत्र फारम खरिद गरी हार्डकपी बोलपत्र पेश गर्नु पर्नेछ।

३. बोलपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर, निवेदनसाथ बोलपत्र फारम प्राप्त गर्न सकिनेछ।

<u>बोलपत्र सम्बन्धि कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>

**बैंकको नाम :** राष्ट्रिय वाणिज्य बैंक लि., भरतपुर शाखा कार्यालय
**कार्यालयको नाम :** चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन
**कार्यालय कोड :** ३१२०८३१०१
**बोलपत्र दस्तुर :** ३,०००/-(फिर्ता नहुने)
**बैंक खाता :** १०००१००२०००१००००
**राजश्व शिर्षक नं.:** १४२२९

४. बोलपत्रकोदाताहरुले बोलपत्रहरु हार्डकपी यस चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनमा तपसिलको मिति सम्म बुझाउनु पर्नेछ। उल्लेखित मिति र समय पछि प्राप्त बोलपत्र स्वीकार हुने छैन।

५. तोकिएको समयभित्र प्राप्त हुन आएका बोलपत्र बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( बोलपत्रदाता वा प्रतिनिधि नभएपनि) सोहि दिनको १:०० बजे देखि यस कार्यालयमा खोलिनेछ।

६. बोलपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., भरतपुर शाखा कार्यालय, चितवन स्थित धरौटी खाता नं. १३१०१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी बहेको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र खोल्न तय भएको मितिबाट कम्तिमा १२० दिन हुनु पर्नेछ।

७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै बोलपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९.. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१०. खरिद गरिने कार्य विवरणको विस्तृत जानकारीको लागि यस कार्यालयको website: http://www.chitwannationalpark.gov.np/ र Bid Documents मा उपलब्ध छ ।

**तपसिल :**

| ठेक्का संकेत नं. | कार्य विवरण | लागत अनुमान (पि.एस.भएको) (मु.अ.कर र कन्टिजेन्सी बाहेक) | जमानत रकम | बोलपत्र फारम खरिद अन्तिम दिन | बोलपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| CNP/CHT/W/NCB /04/2083/084 | घाँसे मैदान व्यवस्थापन | ६०,३६,५००/- | १,५०,०००/- | २०८३/५/३० १६:०० बजे | २०८३/५/३१ १२:०० बजे |

२०८३/०५/१८



CS Scanned with CamScanner